आज मिति २०७९।०१।०९ गते शुक्रबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री खगेन्द्र राईज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको १४६ औं (आर्थिक वर्ष २०७८/०७९ को १८ औं) बैठक तपसिलका पदाधिकारीहरु ज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री खगेन्द्र राई | नगर प्रमुख | ९८५२८४४०५७<br>९८४१०३०१२७ | |
| २ | श्री रीता कुमारी चौधरी | नगर उपप्रमुख | ९८५२८४४०५८ | |
| ३ | श्री ध्रुवराज आचार्य | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री रोहितमान तामाङ्ग | अध्यक्ष वडा नं. १ | ९८६२९२६२०६ | |
| ५ | श्री सन्तोष सुवेदी | अध्यक्ष वडा नं. २ | ९८१९७४४१२८<br>९८५२८४४०५९ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५<br>९८५२८४४०८२ | |
| ७ | श्री चरण कुमार राई | अध्यक्ष वडा नं. ४ | ९८०५९९९७००<br>९८५२८४४०८५ | |
| ८ | श्री देवनारयण चौधरी | अध्यक्ष वडा नं. ५ | ९८६२८१६६५६<br>९८५२८४४०६७ | |
| ९ | श्री कमलध्वज राई | अध्यक्ष वडा नं. ६ | ९८१९९८९५१८<br>९८५२८४४०६० | |
| १० | श्री तेजराज तिम्सिना | अध्यक्ष वडा नं. ७ | ९८४२८५५९५० | |
| ११ | श्री गड्ुड बहादुर वि.क. | अध्यक्ष वडा नं. ८ | ९८५२८४४०४९ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री राम कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८४२९८५०९६ | |
| १४ | श्री देवी कुमारी कार्की | नगर कार्यपालिका सदस्य | ९८१५७५६०६६ | |
| १५ | श्री जानुका कमर | नगर कार्यपालिका सदस्य | ९८४२१५४९०४ | |
| १६ | श्री मदन कुमारी कार्की | नगर कार्यपालिका सदस्य | ९८६३८७३९४३ | |
| १७ | श्री विमला राई | नगर कार्यपालिका सदस्य | ९७४१४१९७७८ | |
| १८ | श्री सुन्दर प्रकाश शाह | नगर कार्यपालिका सदस्य | ९८११७९०२४० | |
| १९ | श्री अस्मिता नेपाली | नगर कार्यपालिका सदस्य | ९७४०९८४५५९ | |
| २० | श्री प्रमीला दनुवार | नगर कार्यपालिका सदस्य | ९८०३९९६६८८ | |

प्रस्तावहरु :-

१. कार्यवाहक वडा अध्यक्ष तोक्ने सम्बन्धमा ।
२. स्वास्थ्य उपचार राहत (आर्थिक सहयोग) उपलब्ध गराउने सम्बन्धमा ।
३. सिर्वानी बेली सडक ग्रावेल सम्बन्धमा ।
४. माँ कंकालिनी बाखा पालन फर्मको माग सम्बन्धमा ।
५. सशस्त्र प्रहरी बल नेपाल सुरक्षा वेश बेल्टारको माग सम्बन्धमा ।
६. लामाखोला ट्रष्ट ब्रिज मर्मतको खर्च रकम भुक्तानी सम्बन्धमा ।
७. नाइ (ठाकुर) परिवारहरुको श्रीबाबा बेनिरामको पुजा सम्बन्धमा ।
८. जितमहान मन्दिर निर्माणको लागि थप रकम सम्बन्धमा ।
९. ईलाका प्रहरी कार्यालय बेल्टारको माग सम्बन्धमा ।
१०. माडिबास खानेपानी तथा सरसफाई उपभोक्ता समितिको माग सम्बन्धमा ।
११. औषधी उपचार आर्थिक सहयोग सम्बन्धमा ।
१२. ईसाइ धर्मावालम्वीहरुलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा ।
१३. विपद् प्रभावितहरुलाई राहत उपलब्ध गराउने सम्बन्धमा ।
१४. मेयर कप र उपमेयर कप फुटबल प्रतियोगिताको खर्च रकम भुक्तानी गर्ने सम्बन्धमा ।
१५. अस्पताल विकास समिति कर्मचारी युनियन के.स.को भुक्तानी सम्बन्धमा ।
१६. पदम बहादुर बुढाथोकी वडा नं. ९ को माग सम्बन्धमा ।
१७. अघिल्ला बैठकहरुको समिक्षा सम्बन्धमा ।
१८. साझा सवालका लागि साझा मञ्च (कोकन) को माग सम्बन्धमा ।
१९. ईन्द्रेणी-सगरमाथा जे.भि.को बैंक जमानत जफत गर्ने सम्बन्धमा ।
२०. चालु आ.ब.को हाल सम्मको आम्दानी र खर्चको अनुमोदन सम्बन्धमा ।
२१. यस न.पा.को श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
२२. “घ” वर्गको निर्माण इजाजत दिने सम्बन्धमा ।

नि.नं.१ प्रस्ताव नं.१ माथि छलफल गर्दा मिति २०७९।०१।३० गते हुन गईरहेको स्थानीय तह सदस्य निर्वाचनमा अधिकांश जनप्रतिनिधिहरु पुनः उम्मेदवारी दिने सम्भावना भएकोले अधिकांश वडामा जनप्रतिनिधिहरुले राजिनामा दिने र वडाबाट वडा अध्यक्षले गर्ने ३५ प्रकारका सिफारिसहरु वडा अध्यक्षको रिक्ततामा नागरिकहरुलाई सेवा प्रदान गर्न असमर्थ हुने भएकोले उक्त सेवाहरुलाई निरन्तरता दिन वडामा ~~सबै~~ कुनै वडा सदस्यहरुले राजिनामा नदिएमा राजिनामा नदिने सदस्यहरु मध्येबाट सहमतिको आधारमा वा ज्येष्ठताको आधारमा कार्यवाहक वडा अध्यक्षको जिम्मेवारी तोक्ने साथै वडा का सबै वडा सदस्यहरुले राजिनामा दिइएको अवस्थामा सम्बन्धित वडाको वडा सचिवबाट उक्त अत्यावश्यक सेवाहरु सञ्चालन गर्ने गरी कार्यवाहक वडा अध्यक्ष तोक्ने निर्णय गरियो ।

Manda

नि.नं.२ प्रस्ताव नं.२ माथि छलफल गर्दा यस न.पा.को नगर क्षेत्रको अतिविपन्न नागरिकहरूलाई यस न.पा.को स्वास्थ्य उपचार राहत कोष कार्यविधि, २०७६ बमोजिम औषधी उपचार आर्थिक सहयोग नगर कार्यपालिकाको निर्णय समेतको आधारमा उपलब्ध गराउने गरिएकोमा आसन्न स्थानिय तह सदस्य निर्वाचनको कारण निर्वाचन सम्पन्न भई नयाँ कार्यपालिका सञ्चालन नभए सम्म अत्यावश्यक अवस्थाका बिरामीहरूलाई औषधी उपचार खर्च उपलब्ध गराउनु पर्ने भएको हुँदा बिरामीको कागजात र रोगको प्रकार अनुसार यस न.पा.को स्वास्थ्य उपचार राहत कोष कार्यविधि, २०७६ बमोजिम औषधी उपचार आर्थिक सहयोग उपलब्ध गराउन नगर कार्यपालिकाको कार्यालयलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

नि.नं.३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस न.पा. को वडा नं. ६ सिर्वानी बाट बेली जोड्ने सडक विस्तारको लागि न.पा.बाट बजेट विनियोजन भई सडकको पूर्व तर्फ नाला खनी सडक विस्तार गर्ने कार्य गरिएकोमा उक्त सडकमा गिट्टी लगाउने बजेटको व्यवस्था नभएको र गिट्टी लगाउन अत्यावश्यक भएको भनि स्थानीय र उपभोक्ता समितिबाट माग भएको र उक्त बाटोमा गिट्टी लगाउन अत्यावश्यक देखिएकोले उक्त सिर्वानी बेली सडक ग्राभेलको लागि यस न.पा. को मर्मत संभार शीर्षकबाट रु.३००,०००/- रकम उपलब्ध गराउने निर्णय गरियो।

नि.नं.४ प्रस्ताव नं.४ माथि छलफल गर्दा माँ कंकालिनी बाख्रा पालन फर्म चाँ न.पा. ९ को माग निवेदन अनुसार उक्त फर्म घेराबेरा तथा व्यवस्थापनको लागी यस न.पा. को मर्मत संभार तथा भैपरी खर्च शीर्षकबाट रु.५०,०००/- सहयोग उपलब्ध गराउने निर्णय गरियो।

नि.नं.५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस न.पा. को वडा नं. ६ मा संचालित श्री सं. ५० बल नेपाल सुरक्षा बेस क्याम्पको माग बमोजिम यस न.पा. बाट १५० लिटरको १ थान फ्रिज उपलब्ध गराउने निर्णय गरियो।

Manju

नि.नं.६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस न.पा.को वडा नं. २ र ४ को सिमानामा न.पा.ले निर्माण गरेको ट्रष्ट ब्रिज वर्षा र अन्य कारणबाट समेत क्षति भएको समयमा मर्मत गरेको हुँदा उक्त पुल मर्मतको खर्च रकम रु. १००,०००।- मात्र — यस न.पा.को मर्मत संभार भैपरी खर्च शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

नि.नं.७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस न.पा. क्षेत्रमा रहेका ठाकुर (नाई) परिवारहरुले श्री बाबा बौलिरामको पुजा -को लागि आर्थिक सहयोग माग गरेको हुँदा यस न.पा.को धर्म संस्कार संस्कृति कला साहित्य सूचना प्रवर्द्धन शीर्षकबाट रु. ५०,०००।- उपलब्ध गराउने निर्णय गरियो। साथै उक्त रकम निवेदक रामनारायण ठाकुरको नाममा उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस न.पा.को मिति २०७८/१२/११ गतेको निर्णयबाट यस न.पा.को वडा नं. ९ सिवाईमा जिलमहान मन्दिर निर्माणको लागी रु.१६०,०००८ बजेट विनियोजन भएकोमा उक्त रकमबाट मन्दिर निर्माण कार्य सम्पन्न नभएकोले यस न.पा.को धर्म संस्कार संस्कृति कला साहित्य सूचना प्रवर्द्धन शीर्षकबाट रु. ७,४०,०००।- रकम थप गर्ने निर्णय गरियो ।

नि.नं.९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ६ मा संचालित इलाका प्रहरी कार्यालय बेल्थुवाट — ई.प्र.का.को गाडी मर्मत र ४ वटा टायर खरिदको व्यवस्थाको लागि माग भई आएको हुँदा यस न.पा.को उपयुक्त शीर्षकबाट खर्च गर्ने गरी उक्त गाडी मर्मत र टायर खरिदको लागि रु. १००,०००।- उपलब्ध गराउने निर्णय गरियो । उक्त रकम टायर खरिद र गाडी मर्मतको प्रमाणित बिल भर्पाईहरु ई.प्र.का.मा दाखिला समेत भई प्राप्त भएपछी भुक्तानी दिने निर्णय गरियो ।

नि.नं.१० प्रस्ताव नं. १० माथि छलफल गर्दा यस न.पा.को वडा नं. २ मा संचालित भाडिवास खानेपानी सरसफाई उ.स. द्वारा संचालित खानेपानी सञ्चालन र विपन्न हरुको जडान खर्च व्यवस्थापनको लागी यस न.पा.को समपुरक कोष बाट रु.५००,०००।- उपलब्ध गराउने निर्णय गरियो

निर्णय नं. ११

प्रस्ताव नं.११ माथि छलफल गर्दा यस न.पा. को विभिन्न वडामा बस्ने विपन्न नागरीकहरुको स्वास्थ्य उपचारको लागि सम्बन्धित वडा कार्यालयबाट आर्थिक सहयोगको लागि सिफारीस भई आएकोले यस न.पा. को स्वास्थ्य उपचार राहत कोष कार्यविधि २०७६ बमोजिम तपसिल अनुसार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं | विरामीको नामथर | पालिकाको नाम | वडा नं. | रोगको किसिम | निर्णय भएको रकम | मो.नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नविन दाहाल | चौदण्डीगढी | १० | क्यान्सर | ५०००० | ९८१८९१३१५२ | |
| २ | खेमराज कार्की | चौदण्डीगढी | २ | मुटु रोग | ४०००० | ९७४१२३१९८१ | अप्रेशन |
| ३ | शंकरबहादुर मगर | चौदण्डीगढी | ४ | मृगौला रोग | ५०००० | | अप्रेशन |
| ४ | धर्मध्वज कामी | चौदण्डीगढी | ८ | सुत्केरी सेवा | ५००० | | निजको बुहारी |
| ५ | दिनेश मगर | चौदण्डीगढी | ४ | मृगौला रोग | १०००० | ९८१४७११०९३ | |
| ६ | दिलबहादुर मगर | चौदण्डीगढी | ९ | सिभिए र पक्षघात | १०००० | ९८६०६७६११० | |
| ७ | गुणमाया आचार्य | चौदण्डीगढी | ५ | मानसिक रोग | १०००० | ९८१४७११०९३ | |
| जम्मा | | | | | १७५००० | | |

नि.नं.१२ प्रस्ताव नं.१२ माथि छलफल गर्दा यस न.पा. क्षेत्रमा रहेका सम्पूर्ण ईसाई धर्मावलम्बीहरुले नगर स्तरीय ईसाई समाजको कार्यालय स्थापनाको लागी जग्गा माग गरेको र सो सम्बन्धमा यस न.पा.को ७ नं. वडा कार्यालयको च.नं. १८९२ मिति २०७८।०१।०९ गतेको पत्रबाट उक्त वडाको डाङ्गबजारबाट उत्तर पूर्व तर्फ लामेचौरी जाने बाटोमा पर्ने अन्दाजी ६ देखी ८ कट्ठा जग्गा ईसाई समाज चौ.न.पा. नगर समितिलाई उपलब्ध गराउन सकिने लेखि आएको हुँदा उक्त स्थानको अन्दाजी ८ कट्ठा जग्गा ईसाई समाज चौ.न.पा.लाई उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.१३ प्रस्ताव नं.१३ माथि छलफल गर्दा यस न.पा.को विभिन्न वडाबाट विभिन्न प्रकोपमा परेका व्यक्तिहरुको राहतको लागि सिफारिस भई आएको हुँदा उक्त विपद् प्रभावित व्यक्तिहरुलाई तपसिल बमोजिमको राहत उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१. पूर्णिमा चौधरी वडा नं.५ (पहिरो/बाढीले घर र सामान बगाएको) रु. ५०,०००।-
२. राजकाजी परियार वडा नं.२ (हावाहुरीबाट घर क्षति) रु. २५,०००।-
३. मिठिमाया सार्की वडा नं.८ (आकस्मिक आगलागी) रु. २५,०००।-

नि.नं.१४ प्रस्ताव नं.१४ माथि छलफल गर्दा यस न.पा. बाट नगर खेलकुद समिति मार्फत सञ्चालित तेस्रो मेयर कप फुटबल प्रतियोगिता र प्रथम उपमेयर कप महिला फुटबल प्रतियोगिता सञ्चालनको लागि जम्मा लागत रु.६,५०,०००।- स्वीकृत भई रु. ३,६३,६५०।- पेश्की दिएको हुँदा बाँकी रकम रु. २,८६,३५०।- मात्र भुक्तानी दिन बाँकी रहेको ~~[illegible]~~ र उक्त रकम खेलकुद शीर्षकमा नभएको हुँदा यस न.पा.को चालु तर्फको कार्यक्रम खर्च ~~[illegible]~~ शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

नि.नं.१५ प्रस्ताव नं.१५ माथि छलफल गर्दा अस्पताल विकास समिति कर्मचारी युनियन केन्द्रीय कार्य समिति काठमाडौंले प्रकाशन गरेको २०७९ सालको भित्ते पात्रोमा न.पा.को तर्फबाट छापिएको शुभकामना सन्देश साथै यस न.पा.लाई उपलब्ध गराएको भित्तेपात्रोको बिल रकम रु.५०,०००।- मात्र यस न.पा.को विविध खर्च शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

नि.नं.१६ प्रस्ताव नं.१६ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ६ स्थित रक्तमाला खोला किनार स्याममा पर्ने पदम बहादुर बुढाथोकीको जग्गा स्थानीय भडौली खोलाले कटान गरेको र उक्त खोला नियन्त्रणको लागि १८ थान जाली भरी नदि नियन्त्रणको कार्य गरेको हुँदा निजको माग बमोजिम उक्त नदि नियन्त्रण कार्यको लागी सहयोग वापत यस न.पा.को मर्मत सम्भार तथा मर्मत खर्च शीर्षकबाट रु.५०,०००।- मात्र निवेदकलाई उपलब्ध गराउने निर्णय गरियो।

नि.नं.१७ प्रस्ताव नं.१७ माथि छलफल गर्दा यस न.पा.को अघिल्ला कार्यपालिका बैठकहरूबाट भएका निर्णयहरू सन्तोषजनक रूपमा कार्यान्वयन भएको पाइयो। साथै कार्यान्वयनको चरणमा रहेका योजनाहरू निर्धारित लक्ष्य अनुसार तोकिएकै समयमा सम्पन्न गर्ने निर्णय गरियो।

पुनश्च:- यस न.पा.को प्रथम निर्वाचित नगर सभालाई आफ्नो कार्यकाल सफल रूपमा सम्पन्न गर्न सहयोग पुर्‍याउने नगर सभा सदस्य सबै र न.पा.का प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी परिवारलाई हार्दिक धन्यवाद दिने निर्णय गरियो।

नि.नं.१८ प्रस्ताव नं.१८ माथि छलफल गर्दा सामाजिक सेवाका लागि साझा मञ्च (कोकन) महाराजगंज, काठमाडौंको माग बमोजिम उक्त संस्थाले महिला, बाल अधिकार तथा शान्ति प्रवर्द्धनको लागि विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको र उक्त कार्यक्रमहरु यस न.पा. क्षेत्रमा समेत सञ्चालन गर्न अनुमति माग गरेको हुँदा उक्त संस्थालाई कार्यक्रम सञ्चालनको लागि अनुमति दिने निर्णय गरियो।

प्रस्ताव नं.१९..माथि छलफल गर्दा *नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबार, काठमाडौं* को *ढुंगा, गिट्टी,बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थाप सम्बन्धी मापदण्ड, २०७७* को दफा (४) मा भएको व्यवस्था बमोजिम यस नगरपालिकाबाट आ.व.२०७८।०७९ को लागि नदीजन्य पदार्थ ढुगा, गिट्टी, बालुवा उत्खनन्, सकलन बिक्री गरी कर उठाउन ठेक्का बन्दोबस्त गर्ने सम्वन्धमा ठेक्का नं ०५।२०७८।०७९ ग्राबेल, ढुगा तर्फको ठेक्का कबोल अक रु.३,७५,००,००१। अक्षरुपी तीन करोड पच्चत्तर लाख एक रुपैयां मात्र (मु.अ.कर बाहेक) त्यस फर्मको बोलपत्र स्वीकृत भई मिति २०७८ साल मंसिर २९ गतेका दिन चौदण्डीगढी नगरपालिका बेल्टार, उदयपुर (पहिलो पक्ष) र श्री इन्द्रेणी - सगरमाथा जे.भी. त्रि.न.पा.-७, गाईघाट, उदयपुर (दोस्रो पक्ष) बीच २०७९ साल जेष्ठ मसान्त सम्म ठेक्का चलाउनका निमित्त ठेक्का सम्झौता भएको थियो ।

त्यस फर्म सँग भएको **सम्झौतापत्र को बुँदा** नं २६ मा दोस्रोपक्षले प्रथम किस्ता वापतको रकम बुझाई सकेको र बाँकी ६० प्रतिशत बैंक ग्यारेन्टीको रकमलाई बराबर दुई भाग लगाई दोस्रो किस्ताको ३० प्रतिशत २०७८ माघ मसान्तसम्म र तेस्रो किस्ता वापतको ३० प्रतिशत रकम २०७८ चैत १५ गते भित्र जम्मा गरी सक्नुपर्नेछ भनि व्यवस्था रहेको र सो व्यवस्था अनुसार श्री इन्द्रेणी - सगरमाथा जे.भी.ले ठेक्का कबोल अंकको दुवै किस्ता वापतको हुन आउने रकम बैंक दाखिला गरी जम्मा गरेको नपाइएको र त्यस फर्मलाई बुझाउन बाँकी रकम नबुझाएमा उत्खनन्, संकलन कार्यमा रोक लगाई बैंक ग्यारेन्टी समेत जफत गरी सम्वन्धित बैंकलाई रकम निकासाको लागि पत्राचार गर्ने भनि न.पा.को राजश्व परामर्श समितिबाट भएको मिति २०७८।११।२६ गतेको निर्णय र मिति २०७९।१।०६ गते श्री अख्तियार दूररुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरी, सुनसरीमा यस विषयमा युवा जागरण चौदण्डीगढी उदयपुरबाट उजुरी परेको र दोस्रो पक्षले कार्यालयमा गरेको पटक पटकको लिखित प्रतिबद्धता गरेता पनि रकम जम्मा नगरेको हुंदा बैंक जमानत जफत गरी रकम निकासाका लागि सम्वन्धित बैंकलाई पत्रचार गर्ने भनि सर्वसम्मत निर्णय गरियो।

नि.नं.२० प्रस्ताव नं.२० माथि छलफल गर्दा यस न.पा. चालु आर्थिक वर्षको मिति २०७८ साल माघ महिनाको १ गते देखि मिति २०७८ साल चैत्र मसान्त सम्म भएको स्रोतगत खर्च तथा आम्दानीको तपसिल बमोजिमको विवरण अनुमोदन गर्ने निर्णय गरियो। साथै चालु आ.व.को हालसम्म भएका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल :-

माघ/ फागुन/ चैत

आ.व. : २०७८/७९ अवधी : २०७८/१०/०१-२०७८/१२/३० माथिल्लो बजेट उपशीर्षक : चौदण्डीगढी नगर कार्यपालिका

| सि.नं. | स्रोत समूह | बजेटको स्रोततह | स्रोत | विधि | आय अनुमान | संचित कोष | | | खर्च | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आम्दानी | ट्रान्सफर | मौज्दात | चालु | पूँजीगत | जम्मा |
| 1 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १५०६००००.०० | ३७६५००००.०० | ३२२६००००.०० | ५३९००००.०० | २२८५५१४.०० | ३२८१२०३४.०० | ३५०९७५४८.०० |
| 2 | प्रदेश सरकार | प्रदेश नंबर १ | समानिकरण अनुदान | नगद अनुदान | ८७६९०००.०० | ३११२२५०.०० | ४२९२२५०.०० | -२१०००००.०० | ०.०० | २५०८३८२.०० | २५०८३८२.०० |
| 3 | राजस्व बाँडफाँड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ९९७१३६४०.०० | ८५६५४३२.०० | ७९५८८६६.०० | ३८७६५६६.०० | ४९०८६९५.०० | ०.०० | ४९०८६९५.०० |
| 4 | राजस्व बाँडफाँड | राजस्व बाँडफाँड - स्थानीय | राजस्व बाँडफाँड | नगद | ८९१५००००.०० | ३९३४९१०.०० | १९८०००००.०० | -११८२६०९०.०० | १२८२०७५४.०० | ६६६८००४.०० | १९४८८७५८.०० |
| 5 | राजस्व बाँडफाँड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ११४५६२०००.०० | ३५४४३४७४.०० | ७०६९६३१०.०० | ५९४७९३८.०० | २८३६८९७२.५४ | ४१००.०० | २८३७३०७२.५४ |
| 6 | आन्तरिक स्रोत | जिल्ला समन्वय समिति | आन्तरिक स्रोत | नगद | ५००००००.०० | ०.०० | ५०००००.०० | ५०००००.०० | | १५५९५००.०० | १५५९५००.०० |
| 7 | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | ८०९२६७०३.०० | ६६९४२४५.०० | ३३५०००००.०० | -४८०५८५५.०० | ११६१२४८५.०० | ३६९८७७.०० | १२००४३३२.०० |
| जम्मा | | | | | ४२३७९२१४३३.०० | ९८५०१८१.०० | १०३८०७४२६.०० | -४२०७२८५.०० | ५०९९६४२०.५४ | ४४०८२५५३.०० | १०५०७९०७७.५४ |

नि.नं.२१ प्रस्ताव नं. २१ माथि छलफल गर्दा यस चौदण्डीगढी नगरपालिकाको ~~बजेट~~ आगामी आर्थिक वर्ष २०७९/०८०को लागि निम्न को स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०७९/०१/०९ गते बसेको बैठकको निर्णय अनुसार अनुमान गरिएको तपसिल बमोजिमको आन्तरिक आम्दानी र नगर, शाखा तथा वडागत रुपमा निर्धारण गरेको बजेट सीमालाई सर्वसम्मत रुपमा स्वीकृत/ अनुमोदन गर्ने निर्णय गरियो/ साथै सबै वडा कार्यालयहरुले समयमै बस्तिस्तरबाट योजना तथा कार्यक्रमहरु छनौट गरी नपा मा पठाउने र योजना छनोटमा व्यापक रुपमा स्थानीय नागरिकहरुको उपस्थिति गराउने निर्णय समेत गरियो/

तपसिल :-

| आ.ब.२०७९/०८० को अनुमानित आय विवरण | | |
|---|---|---|
| क्र स | विवरण | रकम |
| १ | आन्तरिक आय | १५६८८१०९ |
| | संघीय सरकारबाट प्राप्त अनुदान | |
| १ | सघीय सरकारबाट हस्तान्तरित शसर्त अनुदान चालु | ३१६६०६००० |
| २ | सघीय सरकारबाट हस्तान्तरित शसर्त अनुदान पुँजिगत | ५२१५०००० |
| ३ | सघीय सरकारबाट हस्तान्तरित समपुरक अनुदान | ० |
| | सघीय सरकार समानीकरण अनुदान | १६००००००० |
| १ | सघीय सरकार राजश्व बाँडफाँड मुअकर | १३८७७९००० |
| | प्रदेश सरकारबाट प्राप्त अनुदान | |
| १ | प्रदेश सरकारबाट हस्तान्तरित शसर्त अनुदान | |
| २ | प्रदेश सरकारबाट हस्तान्तरित विशेष अनुदान | ० |
| ३ | प्रदेश सरकारबाट हस्तान्तरित समपुरक अनुदान | ० |
| ४ | प्रदेश सरकार समानीकरण अनुदान | ८७८९००० |
| ५ | प्रदेश सरकार सवारी साधन कर | १६७१३६५० |
| | स्थानीय राजश्व बाँडफाँड | |
| १ | प्राकृतिक श्रोतको राजश्व बाँडफाँड नदिजन्य पदार्थ उत्खनन वापत | १५४७५२८६ |
| २ | घरजग्गा रजिष्ट्रेसन शुल्क बाँडफाँड | ० |
| | | |
| | जम्मा | ७२४२०१०४५ |

| आ.ब.२०७९/०८० को लागि बजेट सीमा निर्धारण गरिएको । | | |
|---|---|---|
| सि.नं. | शीर्षक | बजेट |
| १ | शसर्त चालु | ३१६६०६००० |
| २ | शसर्त पुँजिगत | ५२१५०००० |
| ३ | चालु खर्च | १४५०००००० |
| ४ | वडा कार्यालयहरुको लागि प्रति वडा ५० लाख | ५००००००० |
| ५ | समपुरक | २००००००० |
| ६ | नगरस्तरीय योजना प्रति वडा ३० लाख | ३००००००० |
| ७ | विपदव्यवस्थापन, मर्मत संभार तथा भैपरी साथै कोरोना संक्रमण रोकथाम | १००००००० |
| ८ | वडा नं. २, ४ र ८ को वडा कार्यालय भवन निर्माण | १५००००० |
| ९ | शिक्षा | १२०००००० |
| १० | स्वास्थ्य | १३०००००० |
| ११ | पशु | ५०००००० |
| १२ | कृषि | ५०००००० |
| १३ | खेलकुद | ५०००००० |
| १४ | लक्षित | ५०००००० |
| १५ | जनता संग उपमेयर | ८०००००० |
| १६ | धर्म, संस्कार, संकृति, कला, साहित्य, सूचना संचार प्रर्वद्धन | १७४५०४५ |
| १७ | स्वरोजगार तथा लघु उद्यम विकास | ३०००००० |
| १८ | न.पा. भवन क्यान्टिन निर्माण तथा व्यवस्थापन | २०००००० |
| १९ | नगर भरी विद्युत सुधार विस्तार तथा काठको पोल विस्थापन | ५०००००० |
| २० | आ.ब. २०७८/०७९ मा सिर्जित दायित्व भुक्तानी | २००००००० |
| २१ | न्यायिक समिति सुधार तथा व्यवस्थापन | १६००००० |
| २२ | सहकारी विकास तथा प्रर्वद्धन | १०००००० |
| २३ | राजश्व | १५००००० |
| २४ | महिला तथा बालबालिका शाखा | १५००००० |
| २५ | योजना शाखा | ६००००० |
| २६ | प्रशासन शाखा | ७००००० |
| २७ | सामी | ५००००० |
| २८ | सि.एम.सि. नेपाल | ८००००० |
| २९ | भूमि इकाई संचालन व्यवस्थापन | ३०००००० |
| ३० | सुशासन तथा संस्थागत विकास | २०००००० |
| ३१ | नगर प्रहरी संचालन व्यवस्थापन | १०००००० |
| | जम्मा प्रस्तावित खर्च | ७२४२०१०४५ |

**नि.नं.२२** प्रस्ताव नं.२२ माथि छलफल गर्दा यस न.पा.को वडा नं.८ बस्ने ध्रुवलाल बि.क.ले आफू प्रोप्राइटर रहने र वडा नं.८ विरेन्द्र बजारमा कार्यालय रहने गरी पृथराज कन्स्ट्रक्सन प्रा.लि. कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भई यस कार्यालयमा 'घ' वर्गको निर्माण इजाजतको लागी पेश भएको र यस न.पा.को राजश्व शाखाबाट उक्त फर्मको नियमानुसार 'घ' वर्गको निर्माण इजाजत दिने व्यवस्थाको लागी पेश भएको हुँदा यस न.पा.को स्वीकृत कार्यविधि बमोजिम प्रो. ध्रुवलाल बि.क. रहेको पृथराज कन्स्ट्रक्सन न.पा.८ लाई 'घ' वर्गको निर्माण इजाजत पत्र दिने सर्वसम्मत निर्णय पारित गरियो।